# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७

## मंगलसेन नगरपालिका
## अछाम




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या:२०७६/७७
च.नं. ४८९

मिति: २०७७/३/३०

श्री नगर प्रमुखज्यू,
मंगलसेन नगरपालिका, अछाम ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

२०७७।३।३०
(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक


Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७
च.नं. ४९०

मिति: २०७७/३/३०

श्री नगर प्रमुखज्यू,
मंगलसेन नगर कार्यपालिकाको
कार्यालय, अछाम ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले मंगलसेन नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.३ करोड ९० लाख ९७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.८४ लाख ६२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.४६ लाख ३४ हजार नियमित गर्नुपर्ने रु.१ करोड ९३ लाख ८ हजार र पेश्की बाँकी रु.६६ लाख ९३ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/०६/४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेस हुन नआएकोले प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना ३२ (बत्तीस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहीत स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमूख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

**मंगलसेन नगरपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७५/७६**

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न मंगलसेन नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । मंगलसेन नगरपालिका अन्तर्गत १४ वडा रहेको, ७३ सभा सदस्य २२०.१४ व.कि.मी.क्षेत्रफल, ३७४९६ जनसंख्या रहेको यो नगरपालिका सुदुरपश्चिम प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोषः –** आर्थिक वर्ष २०७५।७६ को स्थानीय सञ्चित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ५९६५२८७१.८८ | १ | **चालु खर्च** | ३०१७९९४८५.५२ | ३०१७९९४८५.५२ |
| | क) नगद | | ० | २ | **पूँजीगत खर्च** | १४६६८८७०१.९९ | १४६६८८७०१.९९ |
| | ख) बैंक | ५९६५२८७१.८८ | ० | ३ | **विषयगत निकायबाट प्राप्त रकम खर्च** | ९५५०७८८५ | ९५५०७८८५ |
| २ | **राजस्व (आन्तरिक आय)** | | ८०७७४५९९.६८ | | **प्रदेश सरकारबाट प्राप्त अनुदान खर्च** | २०३४००१ | २०३४००१ |
| | क) आन्तरिक राजस्व | ५३२८७९५.३१ | ० | | **वित्तीय व्यवस्था भुक्तानी** | | ० |
| | ख) राजस्व बाँडफाँड | ७४२५८६६९.३७ | ० | | क) ऋण भुक्तानी | | ० |
| | ग) अन्य आय | ११८७१३५ | ० | ४ | ख) ब्याज भुक्तानी | | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | | ३७१९०८७५० | | ग) अन्य भुक्तानी | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | १०८००००० | ०० | | **लगानी** | | ० |
| | ख) सशर्त अनुदान | २३६२१६७५० | ० | | ऋण लगानी | | ० |
| | ग) समपूरक अनुदान | २०१४४००० | ० | ५ | शेयर लगानी | | ० |
| | घ) विशेष अनुदान | ७५४८००० | ० | ६ | अन्य लगानी | | ० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | १४५२८००० | ७ | **धरौटी फिर्ता** | ११२१७७३ | ११२१७७३ |
| | क)वित्तीय समानीकरण अनुदान | ७०२८००० | ० | | **को.ले.नि.का फिर्ता** | १६७०७७४०.६० | १६७०७७४०.६० |
| | ख) सशर्त अनुदान | ० | ० | | **कोष खर्च** | | ० |
| | ग) समपूरक अनुदान | ० | ० | | **मौज्दात** | | ७००४८४१७.१४ |
| | घ) विशेष अनुदान | ७५००००० | ० | | क) नगद मौज्दात | | ० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | ० | | ख) बैंक मौज्दात | ७००४८४१७.१४ | ० |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | ० | | | | ० |
| | क) ऋण प्राप्ति | | ० | | | | ० |
| | ख) साँवा प्राप्ति | | ० | | | | ० |
| | ग) ब्याज प्राप्ति | | ० | | | | ० |
| | घ) अन्य प्राप्ति | | ० | | | | ० |
| ७ | **विभिन्न कोषतर्फको आय** | | ९२२५०० | | | | ० |
| ८ | **जनसहभागिता (नगद)** | | ० | | | | ० |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | १०१०४६००० | | | | ० |
| १० | **धरौटी आय** | | ३०४१२८१.६९ | | | | ० |
| ११ | **लगानीको साँवा फिर्ता** | | ० | | | | ० |
| १२ | **अन्य विविध आय** | | २०३४००१ | | | | ० |
| | **जम्मा** | | **६३३९०८००४.२५** | | **जम्मा** | | **६३३९०८००४.२५** |

| दफा नं. | भौ.नं., मिति, व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपर्युक्त आर्थिक कारोवारहरुको पेश भएसम्मको स्रेस्ता र प्राप्त आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मूल्याङ्कन तथा स्वीकृत लेखापरीक्षण योजनाबमोजिम लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि जोखिम विश्लेषण, नमूना छनौट र लिखित प्रतिनिधित्वपत्रको आधारमा लेखापरीक्षण नीति, मानदण्ड, मार्गदर्शन, निर्देशन, एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यासका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निष्कर्षसहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षमा रहेको छ । नमूना छनौटको माध्यमबाट लेखापरीक्षण गर्दा देखिएका व्यहोराका सम्बन्धमा कार्यालयका सम्बन्धित पदाधिकारीहरुसँग मस्यौदा प्रतिवेदन उपर मिति २०७६।५।३० मा छलफल गरी कायम हुन आएका व्यहोराहरु निम्नानुसार छन्: | |
| | **लेखापरीक्षणको क्रममा रु.४६२५८।५० असुल दाखिला भएको छ।** | |
| | स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने, १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारित गर्नुपर्ने व्यवस्थाअनुसार २०७५ आषाढ मसान्तभित्र बजेट नगर सभाबाट पारित भएको छ। | |
| | **वित्तीय लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्:** | |
| १. | **आयको अनुमान :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्नसक्ने व्यवस्था छ । नगरपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५९ लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु.५३२८७९५।३१ अर्थात अनुमान भन्दा ९.६८% घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथ परक बनाई आय बृद्धी गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ। | |
| २. | **खर्च गर्ने अख्तियारी** :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमूख वा अध्यक्षले प्रमूख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । त्यसैगरी अख्तियारी प्राप्त भएको १५ दिनभित्र प्रमूख प्रशासकीय अधिकृतले सम्बन्धित महाशाखा वा शाखा प्रमूख र वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानूनबमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने उल्लेख छ । यो वर्ष नगरपालिकाको सभाले २०७५/३/२३ मा बजेट स्वीकृत गरेको छ । नगरप्रमूखले प्रमूख प्रशासकीय अधिकृतलाई वार्षिक बजेट, योजना तथा कार्यक्रमको अख्तियारी प्रदान गरेको देखिएन। प्रमूख प्रशासकीय अधिकृतले पनि वडालाई अख्तियारी दिएको छैन। | |
| ३. | **आन्तरिक आय:**<br>कार्यालयले यो वर्ष रु.५३२८७९५।३१ आन्तरिक आय प्राप्त गरेकोमा नगरपालिका अन्तर्गतका १४ वटा वडाको आम्दानीसमेत एकमुष्ट केन्द्रले दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनिक प्राप्ति खाता, आयको मासिक विवरणसमेत बनाउने गरेको देखिएन। नगरपालिकाको आयमा वडागत योगदान यकिन हुन सकेन। अतः आगामी दिनमा प्रत्येक वडाले मासिक आय विवरण तयार गरी नगरपालिकामा पठाउने र नगरपालिकाले वडागत विवरणसमेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्दछ। | |
| ४. | **आय व्ययको लेखा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था | |

| दफा नं. | भौ.नं., मिति, व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | अवलम्वन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष एकल खाता कोष प्रणालीबाट सञ्चालन गरी भुक्तानी गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता, बहुक्षेत्रीय पोषण, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको बजेट स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेर खर्च गरेको, चालु र पूँजीगत खर्च शीर्षकको विनियोजन तथा नेपाल सरकारको आय तथा व्यय शीर्षकको शीर्षकगत लेखांकन पालना स्थिति कमजोर रहेको, योजनागत खाता अद्यावधिक हुन नसकेको देखिन्छ । कार्यालयले तोकिएको विनियोजन तथा खर्च प्रणाली अवलम्वन गरी आय तथा व्ययको शीर्षकगत अभिलेखांकनमा विशेष ध्यान दिनुपर्दछ । | |
| ५. | **मध्यकालिन खर्च संरचना :**<br>अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्य क्षेत्रभित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहित मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा ल्याएको छैन । स्रोतको बितरण मुखी प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोत साधनलाई प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लागत लाभ विश्लेषण गरी लागत प्रभावकारी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयनमा ल्याउन कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ६. | **बजेट सीमा निर्धारण समिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्ष पछिको थप दुई वर्षको समेत पूर्वानुमान गर्नुपर्ने साथै त्यसरी तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमूख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र नगरपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा नगरपालिकाले समिति गठन सम्म गरेको छ । अन्य बजेट सीमा निर्धारण लगायतका कार्यहरु हुन सकेको देखिएन । नियम तथा कार्यविधिको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ७. | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय/क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सो समिति गठन सम्म गरेको छ । समितिले आगामी वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गरेता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकोले सो सम्बन्धमा उचित ध्यान दिनु जरुरी छ । | |
| ८. | **बजेट अवण्डा :**<br>विनियोजन ऐन, २०७५ अनुसार नगर सभाले आय रु.६० करोड १० लाख ८३ हजार व्यय, रु.४० करोड ४२ लाख ४७ हजार पूँजीगत तथा १९ करोड ६८ लाख ३६ हजार चालु तर्फको कार्यक्रम स्वीकृत गरेकोमा पूँजीगत शीर्षकका कार्यक्रममा भैपरि आउने पूँजीगत शीर्षक दिई अवण्डा रकम राखी रु.४९ लाख ५० हजार विनियोजन गरेको देखियो । उक्त | |

| दफा नं. | भौ.नं., मिति, व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | शीर्षकबाट कार्यपालिकाको पटके निर्णयबाट आर्थिक सहायता, चन्दा पुरस्कार, खेलकुद विकास, विभिन्न दिवस मनाउने कार्यक्रमका खर्च भुक्तानी गरेको देखियो । ऐन नियमको सीमा बाहिर गएर अवण्डा बजेट राखी नगरकार्यपालिकाको पटके निर्णयको आधारमा कार्यक्रम खर्च गर्नु उपयुक्त देखिएन । | |
| ९. | **गत वर्षको जिम्मेवारी नसारेको :**<br>गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनमा जिम्मेवारी सार्नुपर्ने उल्लेख भएको रु.५९२५७५२७/५९ देखिएकोमा सो अन्तिम मौज्दातलाई यो वर्षको लागि जिम्मेवारी सार्नुपर्नेमा यो वर्षको लागि रु.५९६५२८७१/८८ जिम्मेवारी सारी रु.३९५३४४।२९ बढी जिम्मेवारी सारेको छ । सो फरक रकम सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्ने रु. | ३९५३४४/२९ |
| १०. | **चौमासिक खर्चः**<br>नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु.५५ करोड २६ लाख ९० हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.११ करोड ३ लाख ३५ हजार अर्थात १९.९६ प्रतिशत, दोश्रो चौमासिकमा रु.१२ करोड ४२ लाख ७९ हजार अर्थात २२.४८ प्रतिशत र तेश्रो चौमासिकमा रु.३१ करोड ८० लाख ७६ हजार अर्थात ५७.५५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी तेस्रो चौमासिकमा ठूलो खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ । | |
| ११. | **सशर्त अनुदान-**<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्तासम्बन्धी विषयको पत्रअनुसार विभिन्न किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु तर्फका शीर्षकगत रुपमा प्राप्त भएको रकममध्ये आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकामा यी शीर्षकमा रु.३३७२६२७५०।- आम्दानी भएकोमा रु.३१५०२४४८०।७४ खर्च भई रु.१६७०७७४०।६१ फिर्ता गरी बाँकी रु.५५३०५२८।६६ बाँकी रहेको देखियो । उक्त रकम संघीय संचीत कोषमा दाखिला गर्नुपर्ने रु. | ५५३०५२८/६६ |
| १२. | **व्यवसाय कर :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउन सक्ने व्यवस्था रहेको छ । नगरपालिकाको आर्थिक ऐन, २०७५ ले अनुसूची ४ अनुसार व्यवसाय कर लगाई असूल गर्ने उल्लेख छ । यस नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत राखी उक्त लगत अद्यावधिक गरी लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । नगरपालिका क्षेत्रभित्रका व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| | **नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छनः** | |
| १३. | **तलबी प्रतिवेदन** :<br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी रु.१ करोड ८४ लाख ८९ हजार स्थायी कर्मचरीहरुको तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेड समेत यकिन हुन सकेन । तलबी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| १४. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो | |

| दफा नं. | भौ.नं., मिति, व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले नगर प्रोफाइलसम्म तयार गरेको भएता पनि स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ नगरपालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १५. | **कर्मचारी व्यवस्था :**<br><br>निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपुर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्वीकृत गरेको संगठनात्मक संरचना अनुसार कर्मचारी दरवन्दी ५७ रहेकोमा स्थायी पदपूर्ति १० मात्र भई ४७ पद रिक्त रहेका छन । ति मध्ये ३६ जना करारमा राखी कार्य सञ्चालन गरिएको छ । प्रमूख प्रशासकीय अधिकृतसहित १० पदहरु रिक्त रहेको देखिन्छ । रिक्त पदहरु पदपुर्ती गर्ने तर्फ कुनै कारवाही गरेको देखिएन । आवश्यक पदहरु पदपूर्ति गर्न पहल गर्नुपर्ने देखिन्छ । | |
| १६. | **<u>नीति तथा कार्यक्रमको कार्यान्वयन स्थिति :</u>**<br>नगरपालिकाको आ.व. २०७५/७६ को नीति तथा कार्यक्रममा उल्लेख भएका तपसिलका व्यवस्थाहरु कार्यान्वयन भएको देखिएन :<br>● गौरवका १३ योजनाहरु प्राथमिकीकरणमा राखी कार्यान्वयनमा ल्याएको ।<br>● नगरपालिकालाई सडक सञ्जालबाट जोड्ने ।<br>● पूर्वाधार निर्माणका कार्यहरु प्राथमिकता साथ निर्माण सञ्चालन गर्ने भनिएता पनि सो सम्बन्धी कार्य पुरा हुन नसकी बजेट अन्यत्र रकमान्तर गरी खर्च गरेको | |
| १७. | **आन्तरिक नियन्त्रण प्रणाली :**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्बन्धी अन्य व्यहोराहरु तपसिल अनुसार रहेका छन् ।<br><br>● सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन ।<br>● जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको छैन ।<br>● मूल्य खुल्न नसकेका सामानहरुको मुल्य खुलाई राख्नुपर्नेमा केही सामानहरुको मूल्य खुलाएको छैन ।<br>● मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समय मै नदिई आर्थिक वर्षको अन्त्यमा एकैपटक पठाएको देखियो ।<br>● स्वीकृत कार्यक्रम अनुसार चौमासिक खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये अधिकांश रकम तेश्रो चौमासिकमा खर्च गरेको, | |

| दफा नं. | भौ.नं., मिति, व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,<br>• वार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्याङ्कन प्रतिवेदन दिने नगरेको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिनअगावै तोकी सक्नु पर्नेमा दररेट तोकेको छैन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमूखले तोकेको कर्मचारीले "भुक्तानी भएको"जनाउने छापसमेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार गरेको छैन ।<br>• कार्यलयले सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६ (क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको लागि मौजुदा सूची तयार गरिएको छैन ।<br>• यस नगरपालिकाले ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्काखाता र कन्टिजेन्सि खाता राखेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको छैन ।<br>• *विभिन्न आयोजनाहरुको लागि निर्माण सामाग्री ढुवानी गर्दा ढुवानीको कर बिजक जारी गर्नु पर्नेमा नगरी भर्पाइ मात्र संलग्न गरेको सोही आधारमा खर्च भुक्तानी दिने गरेको पाइयो ।*<br>• *सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु.१० लाखभन्दा बढिको निर्माण कार्य गराउँदा विमा गराउनु पर्नेमा कुनै पनि ठेक्कामा विमा गराएको छैन ।*<br>• *सार्वजनिक निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति उल्लेख गरेको छैन ।*<br>• वार्षिक कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमका प्रत्येक कियाकलापहरुमा अनुगमन तथा मुल्याङकनको लागि एकमुस्ट राखी भ्रमण खर्च नियमावली अनुसार खर्च गर्नु पर्नेमा नगरेको<br>• कन्टिन्जेन्सि खर्चको अभिलेख रजिष्टर नराखेको,<br>• निजामती सेवा ऐन, २०४९ बमोजिम कार्यविवरण बनाई लागु नगरेको,<br>• कार्यक्रमगत खाता नराखेको कारण कार्यक्रमगत प्रगति यकिन हुने गरी बार्षिक प्रगति प्रतिवेदन तयार नगरेको ।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको,<br>• *सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार सम्पन्न भएका योजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,* | |
| *१८.* | **वार्षिक खरिद योजना/ गुरुयोजना -**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा | |

| दफा नं. | भौ.नं., मिति, व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस नगरपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१४६६८८७०१.९९ को पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर नगरपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः नगरपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| १९. | सेवाप्रवाहको स्थिति : यस वर्ष नगरपालिकाबाट निम्नअनुसार सेवाप्रवाह भएको विवरण प्राप्त भएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| पञ्जिकरण तर्फ | |
| जन्मदर्ता | २६१८ |
| मृत्यू दर्ता | ३१५ |
| बसाईसराई दर्ता | २५० |
| बिबाहदर्ता | ४३५ |
| सम्बन्धविच्छेद दर्ता | - |
| अन्य सिफारिस | |
| घरबाटो सिफारिस | विवरण वडागत रहेको यकिन नभएको |
| नागरिकता सिफारिस | |
| नाता प्रमाणीत | |
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण | विवरण पेश नभएको |
| कालोपत्रे सडक मर्मत | |
| ग्राभेल सडक निर्माण | |
| ग्राभेल सडक मर्मत | |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार नगरपालिकाबाट प्रदान गरिने सेवा प्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा आएको देखिएन । सिफारिस लगायतका अत्यावश्यक सेवासमेत दिन नसेकेको नगरपालिकाको सेवा प्रवाहको स्थितिमा सुधार हुनुपर्दछ ।

२०. स्थानीय निकायको परिषदबाट योजना स्वीकृत गराउँदा श्रोतसमेतको अवस्था समेतलाई ध्यानमा राखी योजना खण्डिकरण रोक्ने उद्देश्यका साथ रु.५ लाखभन्दा कम बजेट रकम भएका योजनामा नगर सभाबाट बजेट स्वीकृत गरी यस वर्ष सिचाई खानेपानी, विद्यालय भवन निर्माण लगायतका रु.२५ हजार देखि ५ लाख भन्दा कम बजेट विनियोजन गरी १७५ योजनामा रु.३ करोड १२ लाख ८५ हजार स्वीकृत गरी बजेट खर्च गरेको देखियो ।

| *वडा नं.* | *योजना संख्या* | *योजनाको प्रकृति* | *विनियोजन बजेट (रु लाखमा)* | *खर्च (रु लाखमा)* |
|---|---|---|---|---|
| १ | १० | खानेपानी, सिंचाई पोखरी मठमन्दिर खेलमैदान सडक मर्मत | २६ | २६ |
| २ | ८ | खानेपानी, सिंचाई पोखरी मठमन्दिर खेलमैदान सडक मर्मत | १६ | १६ |
| ३ | १२ | खानेपानी, सिंचाई पोखरी मठमन्दिर खेलमैदान सडक मर्मत | १५ | १५ |
| ४ | १५ | खानेपानी, सिंचाई पोखरी मठमन्दिर खेलमैदान सडक मर्मत | २७ | २७ |
| ५ | १४ | *खानेपानी, सिंचाई पोखरी मठमन्दिर खेलमैदान सडक मर्मत* | ३५ | ३५ |
| ६ | १० | *खानेपानी, सिंचाई पोखरी मठमन्दिर खेलमैदान सडक मर्मत* | २१ | २१ |
| ७ | १३ | खानेपानी, सिंचाई पोखरी मठमन्दिर खेलमैदान | ३२ | ३२ |

| दफा नं. | भौ.नं., मिति, व्यहोरा | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|
| | | | सडक मर्मत | | | |
| | ८ | १४ | खानेपानी, सिंचाई पोखरी मठमन्दिर खेलमैदान सडक मर्मत | २१ | २१ | |
| | ९ | २१ | खानेपानी, सिंचाई पोखरी मठमन्दिर खेलमैदान सडक मर्मत | ३२ | ३२ | |
| | १० | १५ | खानेपानी, सिंचाई पोखरी मठमन्दिर खेलमैदान सडक मर्मत | ८.८५ | ८.८५ | |
| | ११ | १६ | खानेपानी, सिंचाई पोखरी मठमन्दिर खेलमैदान सडक मर्मत | ९ | ९ | |
| | १२ | ११ | मन्दिर, सिंचाई पोखरी खेलमैदान खानेपानी, फर्निचर खरिद | २४ | २४ | |
| | १३ | ११ | मन्दिर, सिंचाई पोखरी खेलमैदान खानेपानी, फर्निचर खरिद | ३१ | ३१ | |
| | १४ | ५ | मन्दिर, सिंचाई पोखरी खेलमैदान खानेपानी, फर्निचर खरिद | १५ | १५ | |
| | | १७५ | जम्मा | ३१२.८५ | ३१२.८५ | |

नियमावलीमा व्यवस्था भएको सीमा भन्दा न्यून बजेट विनियोजन गरी योजना स्वीकृत गर्ने एवं त्यस्ता योजना कार्यान्वयनमा ल्याउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

२१. ***घर नक्शापास र निर्माण कार्य सम्पन्नः***

*नगरपालिकाबाट घरको नक्शापास र निर्माण सम्पन्न सम्बन्धी विवरण देहायबमोजिम छः*

| क्र.सं | घर नक्शा पासको निवेदन संख्या | अस्थायी अनुमति | कार्यसम्पन्न संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | गत विगत वर्ष अनुमति लिएका मध्ये | यो वर्ष अनुमति लिएका मध्ये | जम्मा | |
| १ | २२ | ० | | २२ | २२ | अभिलेखिकरण |
| २ | ३ | ० | ० | १ | १ | नयाँ नक्सा पास |

२२. **सवारी साधन खरिदको विवरण** : नगरपालिकामा भएका सवारी साधन सम्बन्धी विवरण देहायबमोजिम छः

| क्र.सं | सवारी साधन | खरिद संख्या | मूल्य | प्रयोग गर्ने पदाधिकारी संस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | जीप | २ | १६२३५००० | नगर प्रमूख, उपप्रमूख | १ थान आगलागिबाट नष्ट |
| २ | एक्साभेटर ब्रेकरसहित | १ | ११६९५००० | | यस वर्ष खरिद |
| ३ | जे.सी.बि. | १ | ३७५०००० | | |
| ४ | टिप्पर | १ | २६१०००० | | |
| ५ | एम्बुलेन्स | १ | नखुलेको | | |
| ६ | दमकल | १ | ५८७५००० | स.प्र.बल साँफेबगर | |
| ७ | मोटरसाइकल र स्कुटी | १९ | ३७५५४०० | वडा अध्यक्ष तथा कर्मचारीहरु | ३ वटाको मूल्य नखुलेको |

२३. **कानून निर्माण र कार्यान्वयन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस वर्ष नगरपालिकाले तर्जुमा गरेका निम्न कानुनहरु कार्यान्वयनमा आएका कार्यालयले जानकारी दिएको छ ।

| सि.नं. | कानुनको नाम |
|---|---|
| १. | नगर कायपालिका कार्यविभाजन नियमावली, २०७४ |
| २. | नगर कार्यपालिका कार्यसम्पादन नियमावली, २०७४ |
| ३. | नगर सभा सञ्चालन कार्यविधि, २०७४ |

| दफा नं. | भौ.नं., मिति, व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ४. नगरपालिकाका पदाधिकारीहरुको आचार संहिता, २०७४ | |
| | ५. निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण कार्यविधि (नियमावली) २०७४ | |
| | ६. बैठक सञ्चालन कार्यविधि २०७४ | |
| | ७. स्थानीय तहको आर्थिक ऐन, २०७४ | |
| | ८. स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ | |
| | ९. स्थानीय तहको विनियोजन ऐन, २०७४ | |
| | १०. एकिकृत सम्पत्ती कर व्यवस्थापन कार्यविधि, २०७५ | |
| | ११. नगर प्रहरी नियमावली, २०७५ | |
| | १२. पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ | |
| | १३. फोहरमैला व्यवस्थापन ऐन, २०७५ | |
| | १४. घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ | |
| | १५. सूचना प्रविधि नीति, २०७५ | |
| | १६. आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानून, २०७५ | |
| | १७. आर्थिक सहायता कार्यविधि, २०७५ | |
| | १८. एफ एम रेडियो सञ्चालन कार्यविधि, २०७५ | |
| | १९. जेष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि, २०७५ | |
| | २०. न्यायिक समिति गठन कार्यविधि, २०७५ | |
| | २१. प्राकृतिक प्रकोप उद्दार राहत निर्देशिका, २०७५ | |
| | २२. बजार अनुगमन निर्देशिका, २०७५ | |
| | २३. मंगलसेन नगरपालिका कर्मचारी आचार संहिता विनियमावली, २०७५ | |
| | २४. मंगलसेन नगरपालिका सहकारी ऐन, २०७५ | |
| | २५. राजस्व संकलन कार्यविधि, २०७५ | |
| | २६. विकास निर्माण कार्यदल गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ | |
| | २७. शिक्षा ऐन, २०७५ | |
| | २८. शिक्षा नियमावली, २०७५ | |
| | २९. स्थानीय तहको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ | |
| | ३०. स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी नमुना कार्यविधि, २०७५ | |
| | ३१. स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ | |
| | ३२. न्यायिक समिति कार्यविधि, २०७५ | |
| २४. | **कल्याण कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी निजको सेवाशर्त तथा कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने र उक्त कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबर हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष कल्याण कोषमा एकमुष्ट रुपमा रु.२ लाख रकम जम्मा गरेको देखियो । ऐनमा भएको व्यवस्था पालना गरिनुपर्दछ । | |
| २५. | **न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको व्यवस्था रहेको छ । नगरपालिकाले ३ सदस्य रहेको न्यायिक समिति गठन गरेको छ । न्यायिक समितिसमक्ष | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति, व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>आ.व.०७५/७६ मा १४ वटा मुद्दाका फिराद दर्ता हुन आएकोमा समितिले ८ वटा मुद्दा फछ्र्यौट गरी ६ वटा मुद्दा विचाराधीन अवस्थामा रहेको देखिन्छ । समितिले नगरपालिकाको वडागत रुपमा परेका विवाद दर्ता अभिलेख रहेको देखिएन । सूक्ष्म ढंगबाट विवादको विषयवस्तुको विश्लेषण गरी विवाद न्यूनीकरणलाई सहयोग पुऱ्याउने सम्बन्धी कार्यक्रमको सञ्चालन गर्नुपर्ने, त्यसैगरी न्यायिक समितिको क्रियाशीलता र प्रभावकारिता बढाउनुपर्ने हुँदा न्यायिक समितिलाई विवाद समाधानमा जिम्मेवार र जवाफदेही तुल्याई सर्वसाधारणलाई कम खर्चिलो, सरल र छरितो न्याय प्रदान गर्न नगरपालिकाले विशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६.</td><td>स्थानीय तहका पदाधिकारी सुविधा :<br>नेपालको संविधानको धारा २२७ मा नगरसभा तथा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्थाअनुसार नगरपालिकाबाट देहाय बमोजिम रु.९७६१८००।- सुविधा वापत भुक्तानी भएको छ ।
<table>
<tr><th>विवरण</th><th>प्रमूख/अध्यक्ष</th><th>उपप्रमूख</th><th>वडा अध्यक्ष १४ जना</th><th>कार्यपालिका सदस्य ८ जना</th><th>सभाका सदस्य ४९ जना</th><th>जम्मा</th></tr>
<tr><td>मासिक सुविधा</td><td>४५५००० </td><td>३९००००</td><td>४००४०००</td><td>९३६०००</td><td>३८२२०००</td><td>९६०७०००</td></tr>
<tr><td>सञ्चार सुविधा( मासिक दरमा)</td><td>१९२००</td><td>१८०००</td><td>११७६००</td><td>०</td><td>०</td><td>१५४८००</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>९७६१८००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२७.</td><td>पदाधिकारी अन्य सुविधाः<br>सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधाको सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । नगरपालिकाले ऐनले तोकेको सुबिधावाहेक बैठक भत्ता रु.३६७२०००.-, अन्य बैठक भत्ता रु.ढठठडण्ण।- तथा यातायात खर्च रु.द्दण्ज्ञटण्ण।- सहित जम्मा रु.४८५१४००।- सुविधा खर्च लेखेको देखियो । यसरी ऐनमा व्यवस्था नभई लिएको उक्त रकम नियम संगत नदेखिएको रु.</td><td>४८५१४००/</td></tr>
<tr><td>२८.</td><td>आर्थिक सहायताः<br>नगरपालिकाले यस वर्ष विभिन्न व्यक्ति तथा संस्थालाई आर्थिक सहयोग वापत रु १० लाख खर्च लेखेको छ । यस्तो सहायता खर्च दिने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था नभएको देखिँदा खर्च रकम अनियमित देखिएको रु. .</td><td>१००००००/</td></tr>
<tr><td>२९.</td><td>पदाधिकारी उपचार खर्च सम्बन्धमाः<br>नगरपालिकाले यस वर्ष पदाधिकारीको उपचार खर्च वापत रु.२ लाख खर्च लेखेको छ । यस्तो सहायता खर्च दिने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था नभएको देखिँदा खर्च रकम अनियमित देखिएको, रु.</td><td>२०००००/</td></tr>
<tr><td></td><td>कार्यक्रम तथा योजनागत खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छनः</td><td></td></tr>
<tr><td>३०.</td><td>योजना र कार्यान्वयनः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफलप्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका योजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दिर्घकालीन प्रकृतिका योजनाहरुको सूची तयार गरेको पाईएन । दिर्घकालीन महत्वका बहुबर्षिय योजना तयारीमा नगरपालिकाको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>३१.</td><td>लक्ष्य प्रगतिको स्थिति -<br>कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रीय स्तरका आयोजनामध्ये सबै ९१ योजनाको नियम बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति, व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | देखिएन । नगरपालिकाले सञ्चालन गरेका मूल ९१ तथा २९३ सहायक कार्यक्रममध्ये ६४.३८ प्रतिशत मूल कार्यक्रममा ७५ प्रतिशतसम्म प्रगति भएको पाइयो । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्ने कार्यमा कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| ३२. | **प्राविधिक बिल र कार्य सम्पन्नः** <br> सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा प्राविधिक नाँपजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकोले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्यसम्पन्न प्रतिवेदनमा कार्यसम्पन्न गर्नुपर्ने मिति र कार्यसम्पन्न भएको मिति उपभोक्ताले श्रमदानमा व्यहोरेको काम सहितको लागत सहभागिताको अंश, भुक्तानी हुने कार्यालयतर्फको रकम लगायतका इन्जिनियरिङ्ग नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन गर्न नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ्ग नर्म्सअनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनु पर्दछ । | |
| ३३. | **सभाको निर्णय कार्यान्वयन-** <br> मिति २०७५।३।१० मा सम्पन्न नगरपालिकाबाट पारित विभिन्न क्षेत्रगत ९१ वटा कार्यक्रम तथा अन्तगतका २९३ सहायक कार्यक्रममध्ये कार्यान्वयनको स्थितिसहितको सभाको निर्णय र प्रतिवेदन माग गरिएकोमा उपलब्ध हुन सकेन । अत सभाको निर्णय कार्यान्वयन स्थिति प्रतिवेदन तयार गरी बर्षान्तमा समिक्षा गर्नुपर्दछ । | |
| ३४. | **उपभोक्ता समिति छनौट -** <br> सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समूदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता बाहेक सम्झौता पूर्वका उक्त प्रकृया पालना गरेको कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसले निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था परिपालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ । | |
| ३५. | **खर्च अनुमोदन–** <br> सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित अधिकांश योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका र बिल भुक्तानीको लागि प्राविधिक मूल्याङ्कनमा एकमुष्ट श्रमदानको अंश राखी पेश गर्ने गरेको भएता पनि अन्य बिल खर्च | |

| दफा नं. | भौ.नं., मिति, व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्रमाणित गर्ने कागजातहरु समितिको पूर्ण बैठकबाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । कार्यालयले समेत अनुगमन समितिको खाली प्रतिवेदनमा हस्ताक्षर गरेको आधारमा खर्चको सुनिश्चितता यकिन नगरी भुक्तानीको लागि पेश गर्ने गरेको अवस्था देखिन्छ । नियमको प्रावधान बमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी बनाउने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ३६. | **आयोजना हस्तान्तरण–**<br>निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्नेमा कार्यालयबाट सञ्चालित बार्षिक विनियोजन गरी उपभोक्ता समिति मार्फत सञ्चालन भएका सम्झौता अनुसारको कार्यको मात्र कार्य सम्पन्न प्रतिवेदन बनाई बार्षिक कार्यक्रम अनुसारको योजना सम्पन्न भएको यकिन गर्ने प्राविधिकहरुको प्रबृत्तिका कारण योजना पूर्ण रुपमा सम्पन्न हुने स्थिति नरहेको देखियो । योजनाहरु सम्पन्न भैसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनैपनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेत दिई हस्तान्तरण गर्ने गरेको छैन । समयमा नै निर्माण कार्य सम्पन्न गरी योजनाहरुको स्वामित्व उपभोक्ता समिति मै रहने गरी हस्तान्तरण गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |
| ३७. | **सार्वजनिक तथा सामाजिक परीक्षणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाबाट बार्षिक सम्पन्न योजनाहरु कार्यालयको सेवाप्रबाह सम्बन्धमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण भए गरेको पाईएन । ऐनले तोकेअनुसार कार्यान्वयन भएका योजनागत विकास निर्माणका कार्यको सार्वजनिक एवं सामाजिक परीक्षण गर्ने व्यवस्था सुरु गर्नुपर्ने देखिन्छ । | |
| ३८. | **गुणस्तर परीक्षणः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका यन्त्र उपकरण, निर्माण कार्यमा प्रयोग हुने सामान ल्यापटप सवारी साधनको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः खरिद भएको निर्माण सामाग्री यन्त्र औजार लगायतका सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ । | |
| ३९. | **कन्टिन्जेन्सी खर्चको अभिलेख–**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५को निर्णय अनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत कट्टा गर्ने गरेको देखिएता पनि सोको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । यसले गर्दा पूँजीगत एवं चालु प्रकृतिको भुक्तानीमा कन्टिन्जेन्सी खर्चको अवस्था यकिन गर्न सकिएन । कार्यालयले कन्टिन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी रकमको तोकिएको क्षेत्रमा उपयोग तथा नियन्त्रणको व्यवस्था गरिनुपर्दछ । | |
| ४०. | **पेश्की दिँदा लागत अनुमान :**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत | |

| दफा नं. | भौ.नं., मिति, व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | अनुमान तयार गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । त्यस्तै स्वीकृत कार्यक्रम अनुरुप सञ्चालित तालिम, कार्यशाला, गोष्ठी आदि सम्पन्न भइसकेपछि कार्यक्रम अनुरुप कार्यसम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका मालसामानहरुको विवरण तथा बिल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आ.व. ०७५/७६ मा कृषि, शिक्षा, पशु र स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको वखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्नुपर्नेमा निवेदनका आधारमा पेश्की लिने, लिएको पेश्की फछ्र्यौट नगरी पुनः पेश्की दिने जस्ता कार्यहरु गर्दा वर्षान्तसम्म पेश्की फछ्र्यौट हुन नसकी बाँकी रहेको, तथा कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु तोकिएको संख्या, नर्म्स र मापदण्ड अनुरुप सञ्चालन नहुने देखिएको छ । तसर्थ मौजुदा नियम, निर्देशिका र कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्न पेश्की लिने र समयमा कार्य सम्पन्न गरी लक्षित वर्गलाई बढीभन्दा बढी लाभान्वित तुल्याउनेतर्फ कार्यालयले ध्यान पुऱ्याउनु पर्दछ । | |
| ४१. | **राजश्वको सफ्टवेयर :**<br>नगरपालिकाले राजश्व असूलीलाई व्यवस्थित बनाउन सांग्रिला माइक्रोसिस्टम प्रा.लि.ले तयार गरेको MAS (Municipality Accounting System) सफ्टवेयर प्रयोगमा ल्याएको भएता पनि केन्द्रबाहेक सबै वडा कार्यालयहरुले हातले नै आम्दानी रसीद काट्ने गरेको देखियो । यस सम्बन्धमा चालु आ.व. देखि रसिद पूर्ण रुपमा सफ्टवेयर मार्फत कम्प्यूटरबाट नै सबै वडाको आम्दानी रेकर्ड गर्नुपर्ने देखिन्छ । आम्दानी तथा राजश्व असूलीलाई स्वचालित प्रणालीमार्फत व्यवस्थित गर्नेतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४२. | **विद्युतिय लेखा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोबारको लेखा राख्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निःशुल्क रुपमा उपलब्ध गराएको नगर/नगरपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले SUTRA प्रयोगमा ल्याई आर्थिक कारोबार लेखाङ्कन गरेको छ । तर नगरसभाबाट पारित योजनागत बजेट तथा कार्यक्रम यसमा अद्यावधिक गरिएको देखिएन । | |
| ४३. | **गो.भौ.नं.११, २०७५।६।२४**<br>बार्षिक बजेट तथा कार्यक्रममा समावेश नभएको भनि भैपरी आउने विविध शीर्षकबाट रक्त सञ्चार केन्द्र भवन निर्माणका लागि रु.८ लाख खर्च लेखेका छ । उक्त भुक्तानीको रनिङ बिल अनुसार गत वर्ष रु.१२७३२९२।२५, तथा चालू वर्ष रु.८९८१५१।२९ समेत रु.२१७१४४३।४४ खर्च गरी सोही बराबरको कार्य सम्पन्न प्रतिवेदन पेश भएको छ । उक्त कार्य नगरपालिकाले सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को व्यवस्था अनुसार शिलवन्दी दरभाउ पत्रद्वारा घटाघट गरी खर्च गर्नुपर्नेमा सिधै अमानतबाट खर्च लेखेको देखिएकाले चालू आ.व.मा गएको रु.८९८१५१।२९ अनियमित देखिएको रु. | ८९८१५१/२९ |
| ४४. | **चित्रे तिखडा मंगलसेन रामारोशन सडक निर्माण :**<br>ठेक्का नं.१ चेनेज ०+००० देखि ०+३४० कि.मी. सडक निर्माणको कार्य ठेकेदार श्री स्वार कस्ट्रक्सन प्रा.लि., अछामसँग रु.७८९६४१०.६(मू.अ.कर बाहेक) मा २०७४।३।२५ मा सम्पन्न गर्ने गरी सम्झौता भएको, उक्त ठेक्का हालसम्म गत वर्ष रु.२१७९४३६।४२ समेत रु.४३८२४००। भुक्तानी भएको स्रेस्ता परीक्षणमा देखिएका व्यहोरा निम्न छन । | |
| ४४.१. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) मा खरिद सम्झौतामा तोकिएको | |

| दफा नं. | भौ.नं., मिति, व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | काम सम्झौता बमोजिमको अवधिभित्र पुरा नहुने अवस्था रहेमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा ७ दिन अगाडि सम्बन्धित निकायमा म्याद थपको लागि निवेदन दिनुपर्ने व्यवस्था छ । ठेकेदारको म्याद थप गर्नुपूर्व समयमा कार्य नसक्ने ठेकेदारलाई कार्यालयले म्याद थपको विश्वासिलो आधारवेगर निजसँग भएको ठेक्का सम्झौताको जि.सि.सि २४.६.१ अनुसार तोकिएको समय सीमाभित्र ठेक्का सम्पन्न गर्न नसकिने अनुरोध पत्रका आधारमा २०७५।२।३१ मा प्रमूख प्रशासकीय अधिकृतको तहबाट प्रथम पटक म्याद थप भएको देखियो । थप भएको समय अवधिमा समेत उक्त निर्माण कार्य सम्पन्न हुन नसकेको भनी २०७५।५।३१ मा पुनः ४ महिनाको लागि म्याद थपको लागि ठेकेदारले अनुरोध गरेकोमा सोमाथि कारवाही नभै २०७५।६।२१ मा रु.२२०२९६३।९३ को बिल पेश गरेको देखियो । सम्झौताको शर्त अनुसार म्याद गुज्रेको १५ महिनाको ठेक्का अंकको १० प्रतिशतले हुने ७८९६४१। हर्जाना असुल हुनुपर्ने रु. | ७८९६४१/- |
| ४४.२. | प्रोभिजनल सम आइटम अन्तर्गत वीमा शुल्कको रकम बिलवेगर रु.६०७००।- भुक्तानी भएकोले वीमा शुल्क तिरको कर विजक पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | ६०७००/- |
| ४५. | **ठेक्का बन्दोबस्त :** बार्षिक बजेट कार्यक्रम कार्यान्वयन तालिका बनाउँदा सूचारु रुपबाट तोकिएको समयमा सम्पन्न गर्ने गरी लागत अनुमान स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा सम्पन्न गर्नुपर्ने, यसको लागि प्रतिस्पर्धात्मक विधि अवलम्बन गरी ठेक्का मितव्ययी, गुणस्तरयुक्त बनाउनुपर्ने व्यवस्था अनुसार ठेक्का व्यवस्थापने स्थिति निम्नानुसार छ । | |

| क.सं. | कार्यक्रमको नाम | ठेक्का नम्बर | बोलपत्र बिक्री सङ्ख्या | बोलपत्र दाखिला सङ्ख्या | बोलपत्र फिर्ता सङ्ख्या | लागत अनुमान(रु हजारमा) | स्वीकृत रकम(रु हजारमा) |
|---|---|---|---|---|---|---|---|
| १ | मंगलसेन नगरपालिकाको हाट बजार जाने बाटो तथा वाल निर्माण | MM/ACH/W/SQ/1/075-76 | १३ | ३ | ० | ८५२ | ८५१ |
| २ | जिल्ला समन्वय समितिको भवन तथा विविध मर्मत | MM/ACH/W/SQ/02/075-76 | २३ | ४ | ० | १४४९ | १४३९ |
| ३ | ६ नं. वडा कार्यालय भवन निर्माण | MM/ACH/W/SQ/03/075-76 | २४ | ३ | ० | १०७६ | १०७२ |
| ४ | सडक सौर्य बत्ती खरिद तथा जडान कार्य | MM/ACH/SQGO/ODS/02/075-76 | ७ | ५ | ० | १८५६ | १८५५ |
| ५ | मंगलसेन न.पाको कार्यलय भवन निर्माण दोस्रो चरण | MM/ACH/W/NCB/02/075-76 | २ | १ | ० | ४७२१२ | ३६९५४ |
| ६ | ल्याण्ड फिल साईट स्तरउन्नती कार्य | MM/ACH/W/NCB/03/075-76 | ३ | १ | ३ | ९९०४ | ९६७९ |
| ७ | खातिगाँउ ढल्ले कैलाश खोला सडक निर्माण कार्य | MM/ACH/W/NCB/04/075-76 | ५ | २ | ३ | ७२४४ | ७०१२ |
| ८ | जिल्ला अस्पताल स्तरोन्नती कार्य | MM/ACH/W/NCB/05/075-76 | ३ | १ | २ | ८८६२ | ८६८६ |
| ९ | मंगलसेन लोडेघाट सडक निर्माण कार्य | MM/ACH/W/NCB/05/075-76 | ५ | ३ | २ | १८५०९ | १८३५९ |
| १० | वडा स्तरिय स्वास्थ्य चौकी भवन निर्माण वडा नं.६ | MM/ACH/W/NCB/06/075-76 | ३ | ३ | ० | ४२४८ | ४२४३ |
| ११ | वडा स्तरिय स्वास्थ्य चौकी भवन निर्माण वडा नं.३ | MM/ACH/W/NCB/07/075-76 | १ | १ | - | ४२१० | ४१९९ |
| १२ | वडा स्तरिय स्वास्थ्य चौकी भवन निर्माण वडा नं.४ | MM/ACH/W/NCB/08/075-76 | १ | १ | - | ४२११ | ४२०६ |

| दफा नं. | भौ.नं., मिति, व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | जम्मा \| १०९६३३ \| ९८५५५ <br> उपरोक्त तालिका अनुसार कार्यालयले १२ वटै ठेक्का तेस्रो चौमासिकमा खोलेको पाइयो । यसरी खोलिएको ठेक्का लागत अनुमान कै हाराहारीमा स्वीकृत भएकाले प्रतिष्पर्धाको स्थिति शून्य देखियो । नियमावलीमा व्यवस्था भए अनुसार प्रथम चौमासिकमा ठेक्का व्यवस्थापन गर्न नसक्नुको मुख्य कारण योजना खरिद प्रकृया अनुरुप ठेक्काका प्रकृया समयमा प्रारम्भ गरी निरन्तरता दिन नसकिनु, समयमा जनशक्तिको व्यवस्थापन गर्न नसक्नु, प्रदेश सरकारबाट समयमा अख्तियारी प्राप्त हुन नसक्नु देखिएको छ । ढिला ठेक्का स्वीकृत गर्दा कार्य समयमा नसकिनु, कार्यबोझ बढ्नु, लागत बढ्नु जस्ता अवस्था देखिएका छन् । अत नियमावलीको प्रावधान अनुरुप प्रथम चौमासिक अवधिभित्रै ठेक्का स्वीकृत हुनुपर्दछ । | |
